

# अध्याय -४

## येशू नै मसीह वा उद्धारकर्ता हुनुहुन्छ भन्ने ठोकुवा गर्ने गवाहीहरू

यस अध्यायमा मूल पदहरू: यूहन्ना १:१९-२३; यशैया ४०:१-५;
यूहन्ना १:२९-३७; रोमी ५:६; यूहन्ना १:३५-३९;
यूहन्ना १:४३-५१; यूहन्ना ३:१-२१।

***<u>यस अध्यायको मूल सार पद:</u> "येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।" यूहन्ना ३:३।***

आफ्नो बारेमा येशूले गर्नुभएका दावीहरूलाई प्रमाणित गर्न उहाँले बाइबलबाट नै शक्तिशाली वा प्रभावकारी प्रमाणहरू मानिसहरूलाई उपलब्ध गराउनुभएको थियो। उहाँले यो दावी गर्नुभएको थियो, "म ठोकुवा गरेर तिमीहरूलाई भन्दछु, जसले विश्वास गर्छ त्यससित अनन्त जीवन छ।"यूहन्ना ६:४७।

तर त्यो भन्दा अझ बढी छ। उहाँले पानीलाई स्वादिलो रसमा परिणत गर्नुभएको थियो; केही रोटीहरू मात्रले उहाँले हजारौंलाई ख्वाउनुभएको थियो; उहाँले प्रतिष्ठित व्यक्तिको छोरोलाई निको पार्नुभएको थियो; जन्मैदेखिको अन्धोलाई उहाँले दृश्य दिनुभएको थियो; वर्षौंसम्म पक्षाघातले पिडित मानिसलाई बेथसैदाको पोखरीनिर पुनर्स्वास्थ दिनुभएको थियो; मरेको लाजरसलाई बिउँताउनुभएको थियो। येशू को हुनुहुन्छ भनेर उहाँका अलौकिक

कामहरूको बारेमा साक्षी दिन यूहन्नाले समाजका विभिन्न वर्गहरूलाई आह्वान गर्दछन्। तिनीहरूमा यहूदी, अन्य जाति वा गैर-यहूदी, धनी, गरिब, पुरुष, स्त्री, शासकहरू, सर्वसाधारण जनताहरू, शिक्षित, अशिक्षित र धर्मगुरुहरू छन् जसले येशू को हुनुहुन्छ भनेर गवाही दिन माग गर्दछ।

यूहन्नाले त परमेश्वर पिता र धर्मशास्त्रहरूसँग माग गर्दछन् कि येशूको परिचय दिन प्रमाण दिऊन्।

*बप्तिस्मा दिने यूहन्नाका शक्तिशाली, प्रभावकारी र उल्लेखनीय गवाहीको बारेमा यस अध्यायमा नियाल्नेछौं। उहाँको बारेमा साक्षी दिन अरूहरू पनि उभिएका थिएः आन्द्र्यु र पत्रुस, फिलिप र नथानेल, र अपेक्षा नगरिएको प्रभावकारी साक्षी फरिसी पण्डित वा धर्मगुरु निकोदिमस। आन्द्र्युसँग अर्को चेला पनि थिए जुन यूहन्ना १:३५,४०मा उल्लेख गरिएको छ। तर अर्को साक्षी छायाँहरूको पछाडी उभिएका छन्, त्यो हो सुसमाचारका लेखक यूहन्ना आफैं।*

## १. बप्तिस्मा दिने यूहन्नाको गवाही

सृष्टिको अघिदेखि नै येशूको अस्तित्व सनातन वा अनन्त थियो भनेर यूहन्नाले उल्लेख गरेका अघिल्लो पाठमा हेऱ्यौं। उहाँ वचन वा लोगोस हुनुहुन्छ। यूहन्नाको सुसमाचारको प्रस्तावनामा नै बप्तिस्मा दिने यूहन्ना येशूको बारेमा साक्षी दिन देखा पर्छन्। त्यस समय कतिपय यहूदीहरू तिनीहरूलाई रोमी निरङ्कुस शासनबाट उद्धार गर्ने मसीह वा उद्धारकर्ताको अपेक्षा गरिरहेका थिए। तिनीहरूले यहूदी धर्म इस्राएलमा स्थापना गरेर यहूदी धर्मको बाहुल्यतालाई सर्वोपरी गर्ने पुजारी वा महन्त मसिहको पनि अपेक्षा गरिरहेका थिए। तर तिनीहरूको अपेक्षा बिपरित बप्तिस्मा दिने यूहन्नाले अर्कै वा भिन्नै मसीहको बारेमा साक्षी दिएको थिए। बाइबलको विद्या अनुसार त्यो नै सही वा सत्य मसीह हुनुहुन्थ्यो।

**यूहन्ना १:१९-२३ पढ्नुहोस्। बप्तिस्मा दिने यूहन्ना आउनुको लक्ष र सेवाकार्य के थिए भनेर उनले खुलाएका थिए? हेर्नुहोस्, " १९ जब यरूशलेमबाट यहूदीहरूले पूजाहारीहरू र लेवीहरूलाई उनीकहाँ "तिमी को हौ?" भन्ने कुरा सोध्न पठाए, तब यूहन्नाको गवाही यो थियो। २० उनले स्वीकार गरे, अनि इन्कार गरेनन्, र "म ख्रीष्ट होइनँ" भनी स्वीकार गरे। २१ तब तिनीहरूले उनलाई सोधे, "तब के? तिमी एलिया हौ?" उनले भने "म होइनँ।"**

**"के तिमी त्यो अगमवक्ता हौ?" उनले जवाफ दिए, "होइन।" २२ तिनीहरूले उनलाई भने, "तिमी को हौ? हामीलाई भन, र हामीलाई पठाउनेहरूलाई हामी जवाफ दिन सकौं। तिमी आफ्नो विषयमा के भन्छौ?" २३ उनले भने "यशैया अगमवक्ताले भनेझैं, 'परमप्रभुको मार्ग तयार पार' भनी उजाड-स्थानमा कराउने एक व्यक्तिको म आवाज हुँ।"**

धार्मिक अगुवाहरूले पुजारी र मन्दिर रेखदेख गर्ने लेबीहरूलाई यूहन्ना को थिए भनेर सोध्न पठाएका थिए। यहूदीहरूको राष्ट्र यहूदामा मसीहको आगमनको प्रतिक्षा चरमबिन्दुमा पुगिरहेको थियो। तिनीहरूका अपेक्षाहरूसँग आफू को हो भनेर स्पष्ट पार्न यूहन्नाको निम्ति महत्त्वपूर्ण थियो। उनी ज्योति थिएन। तर उनी ज्योतिको गवाही दिन परमेश्वरले उनलाई पठाउनुभएको र आउनुहुने मसीहको आगमनको निम्ति बाटो तयार पार्न उनलाई पठाउनुभएको थियो (यूहन्ना १:६-८) भनेर उनले स्पष्ट रूपमा जवाफ दिए: "म मसीह वा ख्रीष्ट होइन।" यूहन्ना १:२०।

यूहन्नाले मानिसहरूलाई पानीबाट बप्तिस्मा दिएका थिए भने येशूले त पवित्र आत्माबाट बप्तिस्मा दिनुहुन्छ भनेर बताए (यूहन्ना १:१६,३३)। आफू त येशूको जुत्ताको फित्तासमेत फुकाल्न योग्य छैन भनेर उनले बताए (यूहन्ना १:२७)। आफूभन्दा येशू सम्माननीय व्यक्ति हुनुहुन्छ र उहाँको अस्तित्व यूहन्नाकोभन्दा अघि थियो (यूहन्ना १:३०)। येशू परमेश्वरको पुत्र हुनुहुन्छ र यूहन्नाले केवल उहाँलाई औंल्याएका मात्र थिए (यूहन्ना १:३४)।

**यूहन्ना १:२३मा येशूका सुमाचारका लेखक यूहन्नाले बप्तिस्मा दिने यूहन्नाको कथनलाई " "यशैया अगमवक्ताले भनेझैं, 'परमप्रभुको मार्ग तयार पार' भनी उजाड-स्थानमा कराउने एक व्यक्तिको म आवाज हुँइ " यशैया ४०:१-५लाई कसरी प्रयोग गरेका थिए? हेर्नुहोस्, " १ तिमीहरूका परमेश्वर भन्नुहुन्छ, मेरो प्रजालाई सान्त्वना, सान्त्वना। २ विनम्र भएर यरूशलेमलाई भन। त्यसका दासत्वको सेवा पूरा भएको छ, त्यसका पापहरू क्षमा गरिएको छ अनि त्यसले परमप्रभुको हातबाट आफ्ना सबै पापका निम्ति दोबर पाएको छ भनी त्यसलाई घोषणा गर। ३ कसैले बोलाइरहेको एउटा आवाज सुनिन्छः "मरुभूमिमा परमप्रभुको निम्ति बाटो तयार गर। उजाड़-स्थानमा हाम्रा परमेश्वरको निम्ति मूलबाटो समतल बनाऊ। ४ हरेक उपत्यका अल्गो बनाइनेछ, हरेक पर्वत र डाँड़ा होच्याइनेछ। बाङ्गोटेढ़ो जग्गा सीधा बनाइनेछ, र**

**खाल्टाखुल्टी समतल बनाइनेछ। ५ अनि परमप्रभुको महिमा प्रकट गरिनेछ, र सारा मानव-जातिले त्यो एकैसाथ देख्नेछन्, किनकि परमप्रभुको मुखले नै भनेको छ।"**

पौराणिक समयमा बाटोहरू धेरै खाल्डाखुल्टीहरू र ढुङ्गै ढुङ्गाले छरिएका थिए। राजाहरू ती बाटोहरूमा जानुभन्दा अघि त्यस ठाउँलाई समतर गर्न मानिसहरूलाई अघि पठाइन्थ्यो। ती बाटोमा भएका चुच्चो ढुङ्गाहरूलाई हटाउने र घुमाउरो बाटोलाई सिधा गर्ने काम तिनीहरूको थियो। त्यसरी भविष्यवाणी पूरा गर्न यूहन्ना आए ताकि येशूलाई ग्रहण गर्न वा स्वागत गर्न मानिसका हृदयहरूलाई उनले तयार पारून्।

***बप्तिस्मा दिने यूहन्नाको सेवाकार्य जस्तै हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूले पनि कसरी गर्ने? बप्तिस्मा दिने यूहना र हाम्रो कामको बीचमा के समानता छ?***

## २. परमेश्वरको थुमा

सारा यहूदी जातिका मानिसहरू तत्कालिन विश्व साम्राज्य रोमको निरङ्कुस शासनबाट स्वतन्त्र पार्ने स्वतन्त्र सेनानी वा मसीहको अपेक्षा गरिरहेका थिए। यूहन्नाको सुसमाचार लेखनको एउटा लक्ष थियोः मसीहको बारेमा यहूदीहरूको बुझाइलाई परिवर्तन गर्नु ताकि जब येशू आउनुहुन्छ तब उहाँ नै भविष्यवाणीहरू पूरा गर्ने राजा हुनुहुन्छ भनेर त्यस जातिका मानिस र धार्मिक अगूवाहरूले चिनून्। मसीह सांसारिक शासक हुनेछैन न त कुनै योद्धा जो बहादुर भएर रोमी साम्राज्यलाई उल्टाउन्। तर आफ्नो बारेमा पुरानो करारमा गरेका भविष्यवाणीहरू उहाँले पूरा गरुन्। ती भविष्यवाणीहरूमा संसारको निम्ति त्याग र बलिदान गर्नुहुनेछ भनेर उल्लेख गरिएको छ साथै उहाँले परमेश्वर र उहाँका जनहरूसँग मेलमिलापमा ल्याउनु हुनेछ।

**यूहन्ना १:२९-३७ पढ्नुहोस्। बप्तिस्मा दिने यूहन्नाले येशूको बारेमा गरेका घोषणा के थियो? उनले येशूको बारेमा चित्रण गर्न के प्रतिक प्रयोग गरेका थिए? यसले येशू को हुनुहुन्छ भनेर ज्ञानलाई बुझ्न किन महत्त्वपूर्ण छ? त्यसले यस संसारमा आउनु उहाँको लक्ष के रहेछ भनेर देखाउँछ? हेर्नुहोस्: "२९ भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा! ३० उनी उहाँ नै हुनुहुन्छ, जसको विषयमा मैले भनेको थिएँ, 'मपछि एक जना मानिस आउनुहुन्छ, जो मभन्दा उच्च हुनुहुन्छ, किनभने उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो।' ३१ म आफैले उहाँलाई**

चिनेको थिइनँ, तर उहाँ इस्राएलमा प्रकट होऊन् भनेर नै पानीले बप्तिस्मा दिँदै म आएँ।" ३२ यूहन्नाले यसो भन्दै गवाही दिए, "मैले पवित्र आत्मालाई ढुकुरको रूपमा स्वर्गबाट ओर्लेर आई उहाँमाथि बस्नुभएको देखें। ३३ मैले उहाँलाई चिनेको थिइनँ, तर जसले मलाई पानीले बप्तिस्मा दिनू भनी पठाउनुभयो, उहाँले नै मलाई भन्नुभयो, 'जसमाथि तिमी पवित्र आत्मालाई ओर्लंदै र बस्दैगर्नुभएको देख्छौ, पवित्र आत्माले बप्तिस्मा दिनुहुने उहाँ नै हुनुहुन्छ।' ३४ मैले देखेको छु, र गवाही दिएको छु, कि परमेश्वरका पुत्र उहाँ नै हुनुहुन्छ।" ३५ फेरि अर्को दिन यूहन्ना उनका चेलाहरूमध्ये दुई जनासँग उभिरहेका थिए। ३६ उनले येशूलाई गइरहनुभएको देखेर भने, "हेर, परमेश्वरका थुमा!" ३७ उनले भनेका यो कुरा सुनेर ती दुई चेलाहरू येशूको पछि लागे।"

येशू परमेश्वरको थुमा वा बलिको पाठो हुनुहुन्छ भन्ने बप्तिस्मा दिने यूहन्नाको कथनले सुसमाचार लेख्ने यूहन्नाको लक्ष र उद्देश्यलाई समर्थन गर्दछ। यसले मसीहको काम र स्वभावलाई नयाँ अर्थ दिन्छ। मसीहको बारेमा मानिसहरूले सोचिरहेका ज्ञानलाई नै आमूल परिर्तन गर्दछ। मन्दिरमा चल्ने बलिप्रथा र विविन्न विधि तथा रीतिहरूले मसीहको भविष्यवाणी गरेका थिए। जब येशू आउनु भयो र उहाँ क्रूसमा मर्नुभयो तब उहाँले ती सबै विधिहरूबाट देखाउने मसीहको भविष्यवाणीहरूलाई उहाँले पूरा गर्नुभएको थियो। उत्पत्ति ३:१५मा नै आउनुहुने मसीह वा उद्धारकर्ताको प्रतिज्ञा दिएको पाइन्छ।

"जब बप्तिस्माको समयमा यूहन्नाले उहाँलाई परमेश्वरको थुमा भनेर औँल्याइएका थिए तब त्यसबेला मसीहको बारेमा नयाँ आत्मज्ञानको ज्योति प्रकट गरिएको थियो। बप्तिस्मा दिने यूहन्ना अगमवक्ताको दिमाग यशैयाका वचनहरूमा ध्यान पुगेको थियो, "उहाँलाई मारिन थुमालाई ल्याएको जस्तो हुनुहुन्छ।" यशैया ५३:७।"-एलेन जी. ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. १३६।

***देहायका पदहरूले येशू नै "परमेश्वरको थुमा" हुनुहुन्छ भन्ने धारणा हामीलाई कसरी बुझाउँछ? हेर्नुहोस्, "मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो।" मर्कूस १०:४५; "हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो।" रोमी ५:६ र "हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ।" १ पत्रुस २:२४।***

यद्यपि, बप्तिस्मा दिने यूहन्नाले येशूको बारेमा वा उहाँको सेवाकार्यको बारेमा धेरै जान्न आवश्यकता थियो। तैपनि येशू नै प्रतिज्ञा गरिएको मसीह हुनुहुन्छ र उहाँ नै भविष्यवाणी पूरा गर्न आउनुभएको थियो भन्ने धारणामा बप्तिस्मा दिने यूहन्ना निश्चित थियो।

***येशू ख्रीष्ट "परमेश्वरको थुमा वा बलिको पाठो" भन्ने अवधारणालाई गहिरिएर सोच्नुहोस्। यसले तपाईंको दिमागमा के चित्र ल्याउँदछ? पुरानो करारमा बलिप्रथा र अन्य विधिहरूले हाम्रो मुक्तिको निम्ति परमेश्वरले ठूलो मूल्य चुकाउनु भएको थियो भन्ने ज्ञानलाई के तपाईं सराहना गर्न सक्नुहुन्छ?***

## ३. बप्तिस्मा दिने यूहन्नाका दुई चेलाहरू

बप्तिस्मा दिने यूहन्नाका दुई चेलाहरू उनीसँग उभिरहेका थिए जब येशू हिँडेर जाँदै हुनुहुन्थ्यो। यूहन्नाले उहाँलाई औंल्याएर भने, "हेर त, परमेश्वरको थुमा!" यूहन्ना १:३६। ती दुई चेलाहरूलाई येशूको बारेमा बताएका थिए। उहाँ नै पुरानो करारका भविष्यवाणीहरू पूरा गर्नुहुन्छ र उहाँ नै मसीह हुनुहुन्छ भनेर तिनीहरूले सिकेका थिए। तुरन्तै ती चेलाहरू यूहन्नालाई छोडेर येशूको पछि लागे। उहाँ यूहन्नाभन्दा महान् हुनुहुन्छ र उहाँ नै यूहन्नाको सन्देश पूरा गर्नु आउनुभएको थियो भनेर तिनीहरूले महसुस गरेका थिए।

**यूहन्ना १:३५-३९ पढ्नुहोस्। येशूको बारेमा यूहन्नाले दिएको गवाही पछि ती चेलाहरूले के गरे? हेर्नुहोस्, " ३५ फेरि अर्को दिन यूहन्ना उनका चेलाहरूमध्ये दुई जनासँग उभिरहेका थिए। ३६ उनले येशूलाई गइरहनुभएको देखेर भने, "हेर, परमेश्वरका थुमा!" ३७ उनले भनेका यो कुरा सुनेर ती दुई चेलाहरू येशूको पछि लागे। ३८ येशूले फर्केर हेर्नुभयो, र तिनीहरूलाई पछिपछि आइरहेका देखेर तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू के खोज्दैछौ?" तिनीहरूले उहाँलाई भने, "रब्बी (जसको अर्थ हो, गुरुज्यू), तपाईं कहाँ बस्नुहुन्छ?" ३९ उहाँले तिनीहरूलाई भन्नुभयो, "आओ, र तिमीहरूले देख्नेछौ।" तिनीहरू गए, र उहाँ बस्नुभएको स्थान देखे। तिनीहरू त्यो दिन उहाँसँग वास बसे, किनभने प्रायः चार बजिसकेको थियो।"**

येशूसँग रहन तिनीहरूले इच्छा गरेकोले तिनीहरूले उहाँसँग दिनबिताए। त्यसबेला तिनीहरूले के अचम्मका कुरा तिनीहरूले सिके र अनुभव गरे त्यो कसलाई थाहा होला?

तिनीहरूले महान कुराहरू सिके होलान् किनभने तिनीहरूले तिनीहरूको अनुभव अरुहरूलाई बाँड्न चाहेका थिए। ती दुई चेलाहरूमा आन्द्रयुले उनका भाइ साइमनलाई भेटे र यो सुनाए, "हामीले मसीहलाई भेट्टायौं (जसको अर्थ हो ख्रीष्ट।" यूहन्ना १:४१। जब आन्द्र्युले आफ्नो भाइलाई येशूकहाँ ल्याए तब उहाँले उनलाई चिन्नुभएको थियो भनेर भन्नुभयो, "तिमी योनाको छोरो साइमन हौ। तिमीलाई केफास भनिनेछ।" यूहन्ना १:४२। येशूले पत्रुसलाई चिन्नुभएको थियो र उनको मनस्थितिलाई उहाँले बुझ्नुभएको थियो। मानिसलाई येशूले चिन्नुहुन्छ भन्ने ज्ञानलाई बुझाउने लक्ष पनि यूहन्नाको सुसमाचारको एउटा लक्ष हो (उदाहरणमा यूहन्ना २:२४ हेर्नुहोस्)।

"यदि यूहन्ना र आन्ड्र्युले तत्कालिन धर्मगुरु, शासक, पण्डित र पुजारीहरूको विश्वास नगर्ने मिजासलाई पोषाइ राखेका थिए भने तिनीहरू येशूका पाऊहरूमा रहेर उहाँबाट आत्मज्ञान पाउने थिएन। तिनीहरू उहाँका आलोचक भएर आउने थिए। उहाँका वचनहरू मूल्याङ्कन गरे आउने थिए। तर ती पहिला चेलाहरू त्यस मनोवृत्तिमा आएनन्। बप्तिस्मा दिने यूहन्नाले प्रचार गर्दा तिनीहरूले पवित्र आत्माको आह्वानलाई स्वीकारेका थिए। अब तिनीहरूले स्वर्गबाट आउनुभएको गुरुको आवाजलाई चिन्न सक्ने भए। पुरानो करार धर्मशास्त्रको शिक्षामा नयाँ आत्मज्ञानको ज्योति तिनीहरूमा चम्किन पुगेको थियो। सत्यका विषयवस्तुहरूका विभिन्न पक्षहरू नयाँ ज्ञान वा ज्योति तिनीहरूले बुझ्न सकेका थिए।"–*द डिजाएर अभ एजेज,* पृ. १३९।

यूहन्नाको सुसमाचारको पुस्तकको पूरा लक्ष नै येशू को हुनुहुन्छ भन्ने आत्मज्ञानमा जोड दिनु हो। यसले गर्दा यो शुभ समाचार संसारमा फैलिन सकून्।

***तपाईंको आस्था वा विश्वास येशूमा भएकोले तपाईंको जीवनमा के परिवर्तन आएको छ? अरू के के परिवर्तन हुन चाहेको तपाईं चाहनुहुन्छ?***

## ४. फिलिप र नथानेल

**यूहन्ना १:४३-४६ पढ्नुहोस्। फिलिपले येशूमाथि आफ्नो आस्था प्रकट गरेका थिए। त्यो छिट्टै किन भयो? हेर्नुहोस्, " ४३ भोलिपल्ट उहाँले गालीलमा जाने निश्चय गर्नुभयो। र फिलिपलाई भेट्टाएर उहाँले तिनलाई भन्नुभयो,' मेरो पछि लाग।" ४४ अन्द्रियास र पत्रुसजस्तै फिलिप पनि बेथसेदा सहरका नै थिए।**

**४५ फिलिपले नथानेललाई भेट्टाएर भने, "जसको विषयमा मोशाले व्यवस्थामा र अगमवक्ताहरूले पनि लेखेका थिए, योसेफका पुत्र नासरतका येशूलाई हामीले भेट्टाएका छौं।" ४६ नथानेलले तिनलाई भने, "के नासरतबाट केही असल कुरा आउन सक्छ र?" फिलिपले तिनलाई जवाफ दिए, "आएर हेर।"**

फिलिप, आन्द्र्यु र पत्रुस बेथसैदा सहरबाट आएका थिए। उनले उनको साथी नथानेललाई भेटे र उनलाई येशूको बारेमा बताए। बप्तिस्मा दिने यूहन्नाले येशूलाई "परमेश्वरको थुमा," भनेर सम्बोधन गरेका थिए। आन्द्र्युले पत्रुसलाई "हामीले मसीहलाई भेट्यौं," भनेका थिए। तर फिलिपले येशूको बारेमा भनेकि मोशा र अगमवक्ताहरूले लेखेका येशूलाई हामीले भेट्टायौं तर उनले "नासरथका येशू," भनेर थपेका थिए। नासरथको येशू भन्ने वित्तिक्कै फिलिपको साथीले आफ्नो नाक खुम्च्याए।

सानो गाउँ नासरथको बारेमा नथालेनको पूर्वाग्रह थियो भनेर देखाउँछन्। त्यस्तो पिछडिएको गाउँबाट राजा कहाँ आउँछ भन्ने उनको धारणा थियो। पूर्वाग्रह भएको मानिसका आँखाहरू सजिलै बन्द हुन्छन्। तिनीहरूले अरूहरूको मूल्य थाहा हुँदैन। **नथानेलको मनस्थिति फिलिपले बुझेको हुनुपर्छ। उनको पूर्वाग्रह कुनै धार्मिक वा दार्शनिक तर्क वितर्क गरेर होइन तर आफैले व्यक्तिगत रूपमा अनुभव गरेर सत्य के हो भनेर जान्नु हो। उनले केवल यति मात्र भने, "तिमी आफै आएर हेर।" नथानलले ठिक त्यही गरे। उनी गए र येशूलाई आफैले देखे।**

**यूहन्ना १:४७-५१ पढ्नुहोस्। नथानेल को हो भनेर येशूले भनेपछि उनको जवाफमा येशूको बारेमा धारणा कसरी परिवर्तन गरे? हेर्नुहोस्, " ४७ येशूले नथानेललाई आफूकहाँ आइरहेका देखेर तिनको विषयमा भन्नुभयो, "एक जना पक्का इस्राएलीलाई हेर, जसमा कुनै छल छैन।" ४८ नथानेलले सोधे, "तपाईंले मलाई कसरी चिन्नुभयो?" येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "फिलिपले तिमीलाई बोलाउन अघि, अञ्जीरको रूखमुनि मैले तिमीलाई देखेको थिएँ।" ४९ नथानेलले उहाँलाई भने, "रब्बी, तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ, तपाईं इस्राएलका राजा हुनुहुन्छ।" ५० येशूले तिनलाई जवाफ दिई भन्नुभयो "मैले तिमीलाई अञ्जीरको रूखमुनि देखें भनेकोले नै तिमी विश्वास गर्दछौ? तिमीले यीभन्दा अझ ठूला कुराहरू देख्नेछौ।" ५१ अनि उहाँले तिनलाई भन्नुभयो, "साँच्चै, म तिमीलाई भन्दछु, तिमीहरूले स्वर्ग उघ्रिएको र परमेश्वरका दूतहरूलाई मानिसको पुत्रमाथि उक्लँदै र ओर्लँदैगरेका देख्नेछौ।"**

फिलिपको आग्रहलाई नथानेलले कस्तो जवाफ दिए सो पद ४६ र ४७को बीचमा लेखिएको छैन। त्यो त निर्णायक विस्तृत जानकारी थियो। उनी उठे र आफैं हेर्न गए। फिलिपसँगको उनको मित्रता पूर्वाग्रह भन्दा बलियो थियो। त्यस क्षणदेखि उनको जीवन परिवर्तन भएको थियो।

येशूले नथानेलको बारेमा मिठो बोली बोल्नुभएको थियो। उनी मनमा छल नभएको इस्रायली हो भनेर उहाँले बताए (यूहन्ना १:४७)। येशू प्रति नथानेलको धारणाभन्दा बिपरित थियो (यूहन्ना १:४६)। नथानेलले छक्क परेर येशूलाई प्रत्यत्तर दिन्छन्। उनले येशूलाई कहिल्यै पनि देखेका थिएनन्।

उनलाई अञ्जिरको रूखमुनि बसिरहेको येशूले देखेको बताए। यही सानो भनाइले नथानेलको मन परिवर्तन भयो। ईश्वरीइय ज्ञानचक्षुले नथानेल प्रार्थना गरिरहेको देखेका थिए। रूखमुनि सत्यको बारेमा ध्यान गर्दै थिए (द डिजाएर अभ एजेज, पृ. १४०,१४१)। अनि नथानेलले येशूलाई अत्यन्त उच्च ओहोदाले वर्णन गर्दै सम्बोधन गर्छन्। उनले येशूलाई रब्बी, परमेश्वरको पुत्र, र इस्राएलका राजा। येशूले गर्नुभएको सानो प्रकटले विश्वासको महान् आधार कसरी प्रकट गर्न पुगे सो सोच्नु लायकको छ।

## ५. निकोदिमसको गवाही

**यूहन्ना ३:१-२१ पढ्नुहोस्। निकोदिमसको गवाहीले यूहन्नाको सुसमाचारको विषयवस्तुलाई कसरी समर्थन गर्दछ? " १ फरिसीहरूमध्ये निकोदेमस नाउँ भएका एक जना मानिस थिए। तिनी यहूदीहरूका महासभाका एक सदस्य थिए। २ यिनी राती येशूकहाँ आए, र उहाँलाई भने, "गुरुज्यू, हामी जान्दछौं तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन।" ३ येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।" ४ निकोदेमसले उहाँलाई भने, "मानिस बूढो भएपछि कसरी जन्मन सक्छ र? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ?" ५ येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन। ६ शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। ७ मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान। ८ बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो**

कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति
त्यस्तै हुन्छ।" ९ निकोदेमसले उहाँलाई सोधे, 'यो कसरी हुन सक्दछ?" १०
येशूले तिनलाई जवाफ दिनुभयो, "तिमी इस्राएलका गुरु हौ, र पनि यी कुरा
बुझ्दैनौ? ११ साँच्चै, म तिमीलाई भन्दछु, हामी जे जान्दछौं त्यो भन्दछौं, र
हामीले जे देखेका छौं त्यसको गवाही दिन्छौं, तर तिमीहरू हाम्रो गवाही स्वीकार
गर्दैनौ। १२ मैले तिमीहरूलाई पृथ्वीका कुरा भनें, र पनि तिमीहरू विश्वास
गर्दैनौ, त तिमीहरूलाई स्वर्गका कुरा बताएँ भने कसरी विश्वास गर्न सक्छौ? १३
स्वर्गबाट ओर्लिआउने मानिसको पुत्रबाहेक कोही पनि स्वर्गमा उक्लेको छैन।
१४ जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र
उचालिनुपर्छ, १५ र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन
पाउँछ। १६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले
आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश
नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। १७ किनकि परमेश्वरले संसारलाई
दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस्
भनेर पठाउनुभयो। १८ जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर
विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका
एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन। १९ फैसलाचाहिँ यही हो: ज्योति
संसारमा आएको छ, र मानिसहरूले ज्योतिभन्दा बरु अन्धकारलाई रुचाए,
किनकि तिनीहरूका काम दुष्ट थिए। २० किनभने दुष्ट काम गर्ने हरेकले
ज्योतिलाई घृणा गर्छ, र ज्योतिमा आउँदैन, नत्रता त्यसका काम प्रकट हुनेछन्।
२१ सत्यद्वारा जिउने मानिस ज्योतिमा आउँछ, र यसरी उसले गरेका कामहरू
परमेश्वरमा गरिएका हुन् भन्ने प्रस्टै देखिन्छ।"

निकोदिमस इस्राएलका आदरणीय र प्रतिष्ठित व्यक्ति थिए। उनी यहूदी महासभा सानहिड्रणको धनाध्य सदस्य थिए। उनी धर्मगुरु थिए। येशू प्रति उनको धारणा वा गवाहीले यूहन्नाको सुसमाचारमा अत्यन्तै महत्त्वपूर्ण भाग खेल्दछ। त्यसको धेरै कारणहरू छन्। येशूलाई "रब्बी," भनेर उनले सम्बोधन गर्दछन्। येशूमा परमेश्वरको लक्ष थियो भनेर उनले देखेका चिन्हहरूलाई उनले औंल्याउँछन्। त्यसकारण, निकोदिमसले उहाँलाई सम्बोधन गर्दा उहाँको बारेमा उनले के ठानेका थिए त्यसले येशू मसीह हुनुहुन्छ भनेर समर्थन गरेको थियो।

येशूले गर्नुभएको अलौकिक वा आश्चर्य कामहरू आफैले उहाँ परमेश्वरबाट आउनुभएको प्रमाणित गर्छ भनेर निकोदिमसले स्वीकारेका थिए। तर मसीहको बारेमा गरिएका भविष्यवाणीहरू उहाँले पूरा गरिरहनुभएको थियो भन्ने ज्ञान उनमा थिएन। त्यसकारण, निकोदिमस येशूकहाँ केही शङ्का गर्दै आएका थिए। उनले येशूलाई मसीह हुन् भनेर यस समय स्वीकार्न पुगेका थिएनन्।

**येशूमा निकोदिमसको बारेमा भित्री ज्ञान थियो भनेर येशूले कसरी सुनाउनुभयो? हेर्नुहोस्, " ३ येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।" ४ निकोदेमसले उहाँलाई भने, "मानिस बूढ़ो भएपछि कसरी जन्मन सक्छ र? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ?" ५ येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन। ६ शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। ७ मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान। ८ बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ।" ९ निकोदेमसले उहाँलाई सोधे, 'यो कसरी हुन सक्दछ?" १० येशूले तिनलाई जवाफ दिनुभयो, "तिमी इस्राएलका गुरु हौ, र पनि यी कुरा बुझ्दैनौ? ११ साँच्चै, म तिमीलाई भन्दछु, हामी जे जान्दछौं त्यो भन्दछौं, र हामीले जे देखेका छौं त्यसको गवाही दिन्छौं, तर तिमीहरू हाम्रो गवाही स्वीकार गर्दैनौ। १२ मैले तिमीहरूलाई पृथ्वीका कुरा भनें, र पनि तिमीहरू विश्वास गर्दैनौ, त तिमीहरूलाई स्वर्गका कुरा बताएँ भने कसरी विश्वास गर्न सक्छौ? १३ स्वर्गबाट ओर्लिआउने मानिसको पुत्रबाहेक कोही पनि स्वर्गमा उक्लेको छैन। १४ जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, १५ र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ। १६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। १७ किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो। १८ जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहर्रिंदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी**

**ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन। १९ फैसलाचाहिँ यही होः ज्योति संसारमा आएको छ, र मानिसहरूले ज्योतिभन्दा बरु अन्धकारलाई रुचाए, किनकि तिनीहरूका काम दुष्ट थिए। २० किनभने दुष्ट काम गर्ने हरेकले ज्योतिलाई घृणा गर्छ, र ज्योतिमा आउँदैन, नत्रता त्यसका काम प्रकट हुनेछन्। २१ सत्यद्वारा जिउने मानिस ज्योतिमा आउँछ, र यसरी उसले गरेका कामहरू परमेश्वरमा गरिएका हुन् भन्ने प्रस्टै देखिन्छ।" यूहन्ना ३:१-२१।**

प्रत्येक व्यक्तिको मनस्थिति येशूलाई थाहा छ। येशूले निकोदिमसलाई दिनुभएको जवाफ आकस्मिक वा अपेक्षा नगरिएको हुन सक्छ। तर कुन विषयवस्तु निकोदिमसको दिमागमा थियो सो उहाँले सिधै भन्नुभएको थियो। अन्य जाति वा गैर-यहूदीहरूले धर्म र मन परिवर्तन गर्नु आवश्यक छ भनेर यहूदीहरूले सोचेतापनि तिनीहरू चुनिएका जाति भएतापनि तिनीहरू पनि परिवर्तन भएको अनुभव गर्नुपर्छ भनेर येशूले औँल्याउनुभएको थियो। कोही मानिस जन्मजात मुक्ति पाएर जन्मेको हुँदैन।तिनीहरू जुनसुकै जाति वा चर्चमा आवद्ध भएर हुर्किएतापनि व्यक्तिगत आमूल परिवर्तन हुनु आवश्यकता छ वा अनुभव गर्नु पर्दछ।

यहूदीहरूको सम्पदा धेरै गज्जबको छ। तिनीहरू अब्राहमका सन्तानबाट आएका थिए। त्यसले गर्दा तिनीहरूमा धेरै फाइदा र विशिष्ट ज्ञानहरू छन् (रोमी ३:१,२), यसमा कुनै प्रश्न छैन। तर यहूदीहरू बंशबाट मात्र आएका भनेर मुक्तिको निम्ति सहभागी हुन पर्याप्त छैन भनेर येशूले ठोकुवा गर्नुभएको थियो। यहूदीहरूको धर्मगुरु र शासक भएर पनि माथिबाट पुनर्जन्म पाउनु आवश्यक छ भन्ने धारणा निकोदिमसलाई पचाउनै सान्हो भएको थियो।

आत्मज्ञानमा निकोदिमस कस्तो कम वा अज्ञान थियो भनेर येशू निकोदिमससँग सामना गर्नुभयो, "के तिमी इस्राएलीहरूका धर्मगुरु होइनौ? यी कुराहरू तिमीलाई थाहा छैन र?" यूहन्ना ३:१०। तिमी सबैको मान्य उच्च गुरु भएर पनि, यदि कुरा पनि तिमीलाई थाहा छैन? येशूले उनलाई हप्काउनुहुँदा उनी स्तब्द भएको हुनुपर्छ।

येशूको बारेमा निकोदिमसको धारणा जे भएतापनि पछि गएर उनले येशूका चेलाहरूको पक्षमा बोलेका थिए (यूहन्ना १९:३९)।

*अहिले नै "नयाँ गरि जन्मनु वा पुनर्जन्म पाउनु" भनेको के हो? यस विषयलाई येशूले किन जोड गर्नुभयो?*

## उपसंहारः

**थप जानकारीः द डिजाएर अभ एजेजको पृ. १६७-१७७को "निकोदिमस।"**

"निकोदिमसले धर्मशास्त्रलाई नयाँ तरिका अपनाएर खोजनीति गरेका थिए। कुनै सिद्धान्त वा धारणाको बारेमा तर्कवितर्क गर्न होइन, उनमा आत्मिक जीवन पाउन सो गरेका थिए। जब पवित्र आत्माको अगुवाइमा आफूलाई सुम्पे तब उनले परमेश्वरको राज्यलाई देख्न सक्ने भएका थिए...

"विश्वास वा परमेश्वरमाथि आस्था राख्दा हामीले परमेश्वरको अनुग्रह प्राप्त गर्छौं। तर हाम्रो आस्था वा हामीमा भएको विश्वास आफै हाम्रो मुक्तिदाता होइन। यो हात हो जसले ख्रीष्टलाई पक्रन्छ। उहाँका सदगुणहरूलाई विश्वासद्वारा नै अपचलन गरिन्छ। उहाँका गुण नै हाम्रो पापलाई हटाउँछ। सही पश्त्ताप ख्रीष्टबाट आउँछ र सही क्षमा पनि उहाँबाट नै आउँछ।

"तब, हामीले मुक्ति कसरी पाउछौं त? 'जसरी मोशाले सर्पलाई उजाडस्थानमा उचाले,' त्यसरी नै मानिसको पुत्र उचालिएको छ। कोही मानिस सर्प रूपि सैतानले मानिसहरूलाई अनेकौं उपायद्वारा तोक्दछ वा पापमा फसाएर धोखामा पार्छ त्यसले येशूलाई हेर्नु पर्छ र जिउनु पर्दछ। 'लौ हेर परमेश्वरको थुमा, जसले संसारको पापलाई उठाइ लान्छ।' यूहन्ना १ः२९। क्रूसबाट चम्किरहेको ज्योतिले परमेश्वरको प्रेमलाई प्रकट गर्दछ। उहाँको प्रेमले हामीलाई उहाँतिर तानि रहेको छ। यदि परमेश्वरले हामीलाई तान्नुभएको समयमा हामी बेवास्ता गरेनौं भने हामीलाई क्रूसको पाऊमा पुऱ्याउँछ। हाम्रा पापहरूको निम्ति हामी पश्चात्ताप गर्नेछौं। हाम्रै पापले मुक्तिदातालाई क्रूसमा टाँगिएको थियो भनेर महसुस गर्नेछौं। अनि हामीमा भएको विश्वासलाई माध्यम बनाएर परमेश्वरको पवित्र आत्माले हामीलाई नयाँ जन्म दिलाउँछ। हाम्रा सोचबिचार, चाहना, आकाँक्षाहरूलाई ख्रीष्टको चाहना अनुसार चलाइनेछ। हाम्रा हृदय, दिमाग येशूको स्वरूपमा सृष्टि हुन्छ। उहाँले नै सबै थोकलाई आफ्नो बशमा पार्न काम गर्नुहुनेछ। अनि परमेश्वरका दश आज्ञाहरू मानिसका हृदय, चेतना र दिमागमा कोरिन पुग्छ, र हामीले ख्रीष्टसँग यो दावी गर्न

सक्छौं, 'तपाईंका इच्छा बमोजिम म चल्न असाध्ये मन पराउनेछु।' भजन ४०:८।" द डिजाएर अभ एजेज्, पृ. १७५,१७६।

**चिन्तनमनन:**

अ. बप्तिस्मा दिने यूहन्ना येशूको निम्ति बाटो तयार गर्न आएका थिए। मानवीय दृष्टिकोणमा उनको सेवाकार्य कतिको सफल भएको तपाईं पाउनुहुन्छ? आत्मिक परिवेशमा सफलता भनेको के हो? त्यो पनि सोच्नुहोस्।

आ. पछि आएर बप्तिस्मा दिने यूहन्नाले हृदयदेखि येशूको बारेमा केही शङ्का गरेका थिए (मत्ती ११:२,३; लूका ७:१९)। यो शङ्का उनमा कसरी उब्ज्यो? जेभएतापनि हामी विश्वासमा अडिग हुनुपर्छ भनेर त्यसबाट हामी कसरी सिक्ने?

ई. निकोदिमस जस्तो बाइबलमा धुरन्धर विद्वान कुनै चर्च वा एडभेन्टिस्ट चर्चको अगुवा पनि आत्मज्ञानमा कतिको अल्पज्ञान हुने रहेछ भन्ने धारणालाई चिन्तन गर्नुहोस्। येशू र निकोदिमसको बीचमा भएको छलफलबाट हामीले के पाठहरू सिक्न सक्छौं?

## कथा ४

## उज्बेकिस्टानमा प्रार्थनाको शक्ति

मध्य एशियाको क्षेत्र ताशकन्टको राजधानी उज्बेस्किस्टानको अस्पतालमा ३६ वर्षकी निगोरालाई आम्बुलेन्सद्वारा हतार हतारमा ल्याइएको थियो। उनी राम्रोसँग कुरा गर्न सकेकी थिइनन्। उनका पाखुराहरू लाटो भएको थियो। उनी निल्नमा गाऱ्हो भएको थियो। उनको रोग के थियो डाक्टरले पत्ता लगाउन सकेनन्। निगोरा महिनाभरी अस्पतालमा रहिन् तर उनलाई झन झन चर्को भयो। उनी दिनको १५ मिनेटभन्दा बढि सुत्न सकिनन्। जब उनको मगजको एक्सरे लियो तब उनको मगजमा केही असाधारण चलखेल भइरहेको देखिएको थियो। अनि दोस्रो डाक्टरले उनी मर्नेछिन् भनेर ठम्याए। उनको बाँच्ने आशा थिएन।

निगोराले येशूलाई विश्वास गरेकी थिइनन्, तर उनका छिमेकीहरू सेभेन्थ-डे एडभेन्टिस्ट थिए। तिनीहरूले उनलाई आइसियुमा भेट्न गए र उनको निम्ति चर्चको पास्टरलाई प्रार्थनाको निम्ति उनीसँग अनुमति मागिन्। "हुँदैन, म सिकिस्त छु र नराम्रो देख्छु। मलाई राम्रो भएपछि मात्र पास्टरलाई बोलाउनुहोस्," उनले भनिन्। तर छिमेकीहरूले कर गरेर भने, "उहाँलाई आउन दिनु र तिम्रो निम्ति प्रार्थना गरून्।" आनकानी गर्दै निगोराले पास्टर आओस् भनेर मञ्जुर गरिन्। एक दिन पछि पास्टर र उनकी श्रीमती निगोराको ओछ्यानमा आए। पास्टरले भजन २३ पढे र उनको निधारमा तेलले अभिषेक गरेर प्रार्थना गरे, "हे प्रभु, हाम्रो यस बहिनीलाई चङ्गाइ गरिदिनुहोस्। उनालाई पूरै निको पारि दिनुहोस्।" प्रार्थना पछि निगोरालाई केही फरक भएन। अर्को दिन पनि पास्टर र उनकी श्रीमती आए र बाइबल पढेर फेरि अभिषेक गरे र प्रार्थना गरे। निगोरालाई केही फरक भएको महसुस गरिनन्। तर त्यस रात उनी १५ मिनेट मात्र होइन धेरै घन्टा निदाएकी थिइन्।

तेस्रो दिन पनि पास्टर र उनकी श्रीमती आए, बाइबल पढे, तेलले अभिषेक गरे र प्रार्थना गरे। फेरि त्यस बेला पनि निगोराले केही भएको चाल पाइनन्। तर त्यस रात उनी रातभरी नै सुतिन्। त्यसपछि प्रत्येक रात उनी निदाउन सकेकी थिइन्। पास्टर र उनकी श्रीमतीले उनलाई निरन्तर रूपमा भेट्न गए। निगोराले बोल्ने शक्तिमा सुधार आयो। उनका पाखुरा र खुट्टाहरू चल्न थाले। उनको मगज सामान्य भएको अस्पतालको एक्सरेले देखायो।

डाक्टर त चकित भए। "यसरी तिमी छिटो जाती हुन न असम्भव नै छ, "डाक्टरले छक्क परेर सुनाए। पास्टरले प्रार्थना गरेको चार महिना पछि निगोराले आफ्नो काममा कार हाँकेर गइन्। परमेश्वरलाई विश्वास नगर्ने त्यस महिलाले आफू परमेश्वरको सहायताले निको भएको भनेर उहाँलाई जस दिए। "यो त परमेश्वरको आश्चर्य काम हो," उनले बताइन्। आफ्ना छिमेकीहरूले उनको सुर्ता गरेकोले उनी खुशी भएकी थिइन्। "ती साथीहरूको निम्ति म परमेश्वरलाई धन्यवाद चढाउँछु। तिनीहरू मेरा परिवार जस्तै छन्," उनले स्पष्टसँग बोल्दै एडभेन्टिस्टको अन्तर्वातामा बताइन्। निगोरे परमेश्वरलाई विश्वास गरेतापनि उनले आफ्नो हृदयलाई उहाँलाई सुम्पेकी थिइनन्। उजबेक्सटानका धेरै मानिसहरूले सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई चर्चबाट फुटेर गएको सम्प्रदाय भनेर विश्वास गरेको कारणले उनी प्रभुलाई विश्वास गर्न निराश भएकी थिइन्। निगोरा (गुमनाम) जस्ता धेरै मानिसहरू छन् जसले परमेश्वरको शक्तिलाई देखेका छन् तर उहाँलाई विश्वास गरेका छैनन्। तिनीहरूको निम्ति प्रार्थना गर्नुहोस्।